# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७८।१२।०४

### शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ धादिङ शाखाका पूर्वसभापति अग्रज पत्रकार राजेन्द्रप्रताप शाहको असामयिक निधन भएको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । चैत्र २ गते साँझ छोरीलाई होस्टेलमा लिन जाने क्रममा एक्कासि रक्तचाप कम भएर बाटोमा ढलेपछि उपचारका लागि ललितपुरस्थित अल्का अस्पताल पुऱ्याइएको र शाहको उपचारकै क्रममा बिहीबार निधन भएको हो ।

वि.सं. २०१७ साल बैशाख २९ गते धादिङको ज्वालामुखी गाउँपालिका-३ मा जन्मनु भएका शाह केही समयदेखि परिवारसहित काठमाडौंमा बस्दै आउनु भएको थियो । स्वर्गीय शाहका श्रीमती र एक छोरी छन् ।

विगत तीन दशकदेखि पत्रकारितामा सक्रिय शाहले रेडियो नेपाल, कान्तिपुर दैनिकलगायत थुप्रै सञ्चारमाध्यममा काम गर्नु भएको थियो । धादिङ शाखाको संस्थापक सचिवसमेत रहेका शाहले धादिङमा पत्रकारिता क्षेत्रको विकासका लागि विशेष योगदान पुऱ्याउनु भएको थियो । उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी, जुझारु र शालीन पत्रकार गुमाएको छ भने महासंघ धादिङ शाखाले अभिभावक गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय पत्रकार शाहप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

**रोसन पुरी**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org